# प्रदेश नं. ५, प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४

प्रदेश नं. ५, प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

बुटवल, रुपन्देही

नेपाल

# प्रदेश नं. ५, प्रदेश सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४

प्रस्तावनाः प्रदेश सञ्चित कोषको सञ्चालन गर्न आवश्यक भएकोले प्रदेश नं. ५ प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ को दफा ४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५ , प्रदेश सरकारले सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४ बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्रदेश नं. ५ , सञ्चित कोष सञ्चालन कार्यविधि, २०७४" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क) "कार्यालय" भन्नाले संवैधानिक अंग तथा निकाय ,प्रदेश सरकारका सबै मन्त्रालय , सचिवालय,विभाग र सो मातहतका सबै अड्डा अदालत तथा अन्य सरकारी निकायका कार्यालय समेतलाई सम्झनु पर्छ ।

ख) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनु पर्छ।

ग) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को प्रदेश मन्त्रिपरिषद् सम्झनुपर्छ ।

घ) "बैंक" भन्नाले प्रदेश सञ्चित कोष सञ्चालन गर्ने बैंक सम्झनु पर्छ ।

ङ) "लेखा नियन्त्रक कार्यालय " भन्नाले प्रदेश नं. ५ प्रदेशको सञ्चित कोषको सञ्चालन तथा प्रदेश सरकार अन्तरगतका कार्यालयलाई भुक्तानी,निकासा एवं आन्तरिक लेखा परीक्षण गर्ने कार्यालय सम्झनु पर्छ । सो शब्दले प्रदेश लेखा नियन्त्रक कार्यालयको काम गर्न तोकिएको कार्यालयलाई समेत जनाउँदछ।

च) "भुक्तानी आदेश" भन्नाले कार्यालयमा भुक्तानीको दायित्व सिर्जना भएपछि भुक्तानीको आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी निकासाका लागि चेक जारी गर्न वा कुनै कारणले

रकम समायोजन गर्नुपर्ने भएमा सो रकम समायोजनका लागि सम्वन्धित कार्यालयले भुक्तानीको लागि दिने लिखित आदेश  सम्झनु पर्छ ।

छ) "भुक्तानी निकासा" भन्नाले कार्यालयको भुक्तानी आदेश बमोजिम लेखा नियन्त्रक कार्यालयवाट जारी चेक मार्फत हुने खर्चको भुक्तानीलाई सम्झनु पर्छ ।

ज) "मन्त्रालय" भन्नाले प्रदेश नं ५ आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ ।

झ) "विनियोजन" भन्नाले प्रदेश नं. ५ को विनियोजन ऐन वा पेश्की खर्च ऐनद्धारा निर्दिष्ट सेवा र कार्यहरुको लागि विभिन्न शिर्षकमा विभिन्न प्रदेश कार्यालयहरुलाई खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्छ र सो शब्दले पुरक विनियोजन ऐन र उधारो खर्च ऐन बमोजिम विनियोजन भएको रकम समेतलाई सम्झनुपर्छ।

ञ) "सञ्चित कोष" भन्नाले संविधानको धारा २०४ बमोजिमको प्रदेश नं. ५ को सञ्चित कोष सम्झनु पर्छ ।

ट) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

ठ) "सरकारी कारोवार गर्ने बैंक" भन्नाले सञ्चित कोष सञ्चालन गर्ने बैंकबाट अनुमति प्राप्त गरी प्रदेश सरकारको राजश्व, धरौटी ,कार्यसञ्चालन कोष तथा विनियोजनको कारोबार गर्ने बैंक सम्झनु पर्छ ।

**३. सञ्चित कोषमा जम्मा हुने रकम :**सञ्चित कोषमा देहायका रकमहरु जम्मा हुनेछन् ।

क) गुठी रकम बाहेक प्रदेश सरकारलाई प्राप्त हुने सबै प्रकारको राजश्व,

ख) राजश्वको धितोमा लिइएको सबै कर्जाहरु,

ग) प्रदेश ऐनको अधिकार अन्तर्गत दिइएको जुन सुकै ऋण असुल हुँदा प्राप्त सबै धन,

घ) नेपाल सरकारबाट प्राप्त अनुदान तथा ऋण रकम,

ङ) प्रदेश सरकारलाई प्राप्त हुने अन्य रकम ।

**४. सञ्चित कोषबाट खर्च हुने रकम :**सञ्चित कोषबाट देहाय बमोजिम खर्च गरिनेछ :

क) सञ्चित कोषमाथि व्ययभार हुने रकम,

ख) विनियोजन ऐन बमोजिम खर्च हुने रकम,

ग) उधारो खर्च ऐन अन्तर्गत खर्च हुने रकम,

घ) विनियोजन विधेयक विचाराधिन रहेको अवस्थामा पेश्कीको रुपमा ऐन बमोजिम खर्च हुने रकम ।

**५. सञ्चित कोष अन्तर्गत रहने बैंक खाता :** (१) सञ्चित कोषको व्यवस्थापनका लागि देहाय बमोजिमका बैंक खाताहरु रहनेछन् :

क) **प्रदेश क. १-१ सञ्चित कोष मिलान खाता :** सञ्चित कोष सम्वन्धी आम्दानी खर्च रकमको अन्तिम समायोजन खाताको रुपमा सञ्चित कोष मिलान खाता रहनेछ ।त्यस्तो खाता प्रदेशको सञ्चित कोष रहने बैंकमा रहनेछ । यो खातामा सञ्चित कोष अन्तर्गत प्रदेश क.१-२, प्रदेश क.१-३, प्रदेश क.१-४, प्रदेश क.१-५, प्रदेश क.१-६ खाताको मौज्दात रकम रकमान्तर गरी समायोजन तथा हिसाव मिलान गर्नुपर्नेछ । यो खातावाट रकम झिक्ने वा नगद जम्मा गर्ने कारोबार गरिने छैन ।

ख) **प्रदेश क.१-२ आन्तरिक राजश्व खाता :** प्रदेश सरकारलाई प्राप्त हुने राजश्व जम्मा गर्नका लागि प्रदेशको सरकारी कारोवार गर्न स्वीकृति प्राप्त बैंकमा राजश्व रकम जम्मा गर्न मात्र मिल्ने गरी लेखा नियन्त्रक कार्यालयको नाममा आन्तरिक राजश्व खाता खोलिनेछ ।त्यस्तो खातामा रकम जम्मा गरिनेछ तर नगद रकम झिक्ने कारोवार गरिने छैन । त्यस्तो खातामा प्रदेशको आन्तरिक आय, विविध आम्दानी र धरौटी रकम सदरस्याहा हुँदा प्राप्त हुने आय जम्मा गर्नुपर्नेछ । आर्थिक वर्षको अन्त्यमा यस खाताको रकम प्रदेश क.१-१ खातामा ट्रान्सफर गरी शून्य गर्नुपर्नेछ ।

ग) **प्रदेश क.१-३ राजश्व तथा अनुदान खाता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्राप्त हुने राजश्व बाँडफाँड र अनुदान रकम लगायतका सम्पुर्ण रकम जम्मा गर्ने प्रयोजनका लागि राजश्व तथा अनुदान खाता खोलिनेछ । त्यस्तो खातामा रकम जम्मा गरिनेछ तर नगद रकम झिक्ने कारोवार गरिनेछैन । यो खाताको हिसावको लागि राजश्व बाँडफाँड र अनुदानको लागि छुट्टै लेजर (खाता) राखी हिसाव एकिन हुने व्यवस्था गर्नुपर्नेछ। अन्तिम हिसाव मिलान गर्दा यो खाताको रकम खर्च रकम एकीन गरी प्रदेश क.१-१ खातामा ट्रान्सफर गरी हिसाव मिलान गर्नुपर्नेछ । त्यस्तो खाता निरन्तर चालु रहने भएकोले वार्षिक रुपमा खाता वन्द गर्नुपर्ने छैन ।

घ) **प्रदेश क. १-४ वैदेशिक ऋण खाता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार मार्फत प्रदेश सरकारलाई प्राप्त हुने वैदेशिक ऋण रकम यो खातामा जम्मा गरिनेछ । वैदेशिक ऋणबाट व्यहोरिने बजेट खर्चको हिसाब एकिन भएपछि लेखा नियन्त्रक कार्यालयले यो खाताबाट प्रदेश क. १-१ खातामा समायोजन गर्नुपर्नेछ । यो खाता निरन्तर चालु रहने भएकाले वार्षिक रुपमा खाता बन्द गर्नुपर्ने छैन ।

ङ) **प्रदेश क. १-५ वैदेशिक अनुदान खाता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकार मार्फत प्राप्त हुने वैदेशिक अनुदान वा सहयोगको रकम यो खातामा जम्मा गर्नुपर्नेछ । वैदेशिक अनुदान वा सहयोगबाट व्यहोरिने बजेट खर्चको हिसाब एकिन भएपछि लेखा नियन्त्रक कार्यालयले यो खाताबाट प्रदेश क. १-१ खातामा समायोजन गर्नु पर्नेछ । यस्तो खाता निरन्तर चालु रहने भएकाले वार्षिक रुपमा खाता बन्द गर्नु पर्ने छैन ।

च) **प्रदेश क. १-६ आन्तरिक ऋण खाता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले उठाएको आन्तरिक ऋणको रकम यो खातामा जम्मा गर्नुपर्नेछ ।आर्थिक

वर्षको अन्त्यमा त्यस्तो खातामा जम्मा भएको रकम प्रदेश क. १-१ खातामा ट्रान्सफर गरी यो खाता शून्य गर्नुपर्नेछ।

छ) **प्रदेश क. १-७ एकल कर प्रशासन खाता :** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम एकल कर प्रशासन बमोजिम संकलन गरेको राजश्व रकम यस खातामा जम्मा गरिनेछ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लिने प्रशासनिक खर्च कट्टी गरी बाँकी रकम सम्बन्धित तहको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ । प्रदेशले लिने प्रशासनिक खर्च बापतको रकम प्रदेश क. १-२ खातामा जम्मा गर्नुपर्नेछ ।

ज) **प्रदेश ख. १ खर्च खाता :** प्रदेश र अन्तर्गतका कार्यालयले प्राप्त अख्तियारी बमोजिमको रकम लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम भुक्तानी निकासा गर्ने प्रयोजनका लागि शून्य मौज्दातबाट कारोबार गर्ने गरी प्रदेशको विनियोजन तर्फको कारोबार गर्ने बैंकमा यो खाता खोल्नु पर्नेछ । यो खाता रहेको बैंकले लेखा नियन्त्रक कार्यालयले जारी गरेको चेक यस खाताबाट भुक्तानी गरी हरेक दिन उक्त भुक्तानी भएको रकम र उक्त बैंकमा जम्मा हुन आएको राजश्व लगायत प्रदेशले प्राप्त गर्ने अन्य रकम समेत हिसाब गरी प्रदेशको सञ्चित कोष रहेको बैंकलाई प्रतिवेदन गर्नुपर्नेछ ।

झ) **प्रदेश ख. २ धरौटी खाता :** प्रदेश र अन्तर्गतका कार्यालयको कामको सिलसिलामा धरौटी, जमानत, अर्नेष्ट मनी र कानून बमोजिम धरौटीमा जम्मा गर्नु पर्ने अन्य रकमहरु जम्मा गर्दा यो खाता खोल्नु पर्नेछ । त्यस्तो खाताबाट धरौटी फिर्ता वा सदरस्याहा बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाइनेछैन । यो खाता निरन्तर चालु रहनेछ ।

ञ) **प्रदेश ख. ३ विविध खाता :** प्रदेश र अन्तर्गतका कार्यालयको बजेट बाहिरका कुनै माध्यमबाट प्राप्त हुन आएको रकम जम्मा गर्न लेखा नियन्त्रक कार्यालयले यो खाता खोल्नु पर्नेछ । त्यस्तो खाताबाट चेक जारी गर्न र खर्च लेख्न सकिनेछ ।

ट) **प्रदेश ख. ४ विभाज्य कोष खाता :** (१) राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम स्थानीय तहमा बाँडफाँड गर्नु पर्ने राजश्व रकम जम्मा गर्ने प्रयोजनका लागि प्रदेश विभाज्य कोष खाता खोल्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने राजश्व रकम यस खातामा जम्मा गर्नुपर्नेछ र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम यस खाताबाट खर्च लेखि प्रदेशको हिस्साको रकम प्रदेश क. १-२ खातामा र स्थानीय तहको रकम सम्बन्धित स्थानीय तहको खातामा जम्मा गर्नुपर्नेछ ।

ठ) **प्रदेश ख. ५ हिसाब मिलान खाता :** (१) प्रदेशको सरकारी कारोबार गर्ने बैंक संगको दैनिक हिसाब मिलान गर्न सञ्चित कोष संचालन गर्ने बैंकले यो खाताको व्यवस्था गर्नुपर्नेछ ।

(२) दैनिक रुपमा सरकारी कारोबार गर्ने बैंकमा मौज्दात रहेको रकम यो खातामा जम्मा गर्नुपर्नेछ । प्रदेशको नामबाट सरकारी कारोबार गर्ने बैंकले भुक्तानी गरेको रकम यस खातामा खर्च लेखि सम्बन्धित बैंकको नाममा रहेको खातामा जम्मा गर्नुपर्नेछ ।

**६. सञ्चित कोष अन्तर्गतका खाताको सञ्चालन :** (१) दफा ५ बमोजिमका सञ्चित कोष अन्तर्गतका खाता सञ्चालन लेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सञ्चित कोष अन्तर्गतका खाता लेखा नियन्त्रक कार्यालय प्रमुख र निजले तोकेको अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछन् ।

**७. सरकारी कारोबार गर्ने बैंकसँगको हिसाब मिलान :** (१) प्रदेशको सरकारी कारोबार गर्ने बैंकमा जम्मा हुन आएको प्रदेशको खातामा रहेको रकम र खर्च खाताबाट भएको खर्च रकम दैनिक रुपमा सम्बन्धित बैंकको प्रतिवेदनको आधारमा सञ्चित कोष सञ्चालन गर्ने बैंकले हिसाब मिलान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब मिलान गर्दा एकल खाता कोष प्रणाली बमोजिम प्रदेशको खातामा जम्मा हुन आएको रकम सम्बन्धित बैंकको खाताबाट खर्च गरी प्रदेशको खातामा जम्मा गर्नुपर्नेछ र शून्य मौज्दातको खर्च खाताबाट खर्च भएको रकम सम्बन्धित बैंकको खातामा जम्मा गर्नुपर्नेछ ।

**८. सञ्चित कोषबाट निकासा तथा खर्च गर्ने प्रक्रिया :** (१) प्रदेश विनियोजन ऐन वा पेश्की खर्च ऐन, पारित भएपछि उक्त ऐनमा विनियोजन भएको रकम मन्त्रालयले सम्बन्धित मन्त्रालय र सम्बन्धित मन्त्रालयले मातहत कार्यालयलाई अख्तियारी प्रदान गर्नुपर्नेछ ।

(२) दफा (१) बमोजिम प्राप्त अख्तियारी बमोजिमको रकम लेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली बमोजिम सम्बन्धित कार्यालयको भुक्तानी आदेशको आधारमा भुक्तानी निकासा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम भुक्तानी निकासा भएको रकम सञ्चित कोष रहेको बैंकले दफा ७ बमोजिम दैनिक हिसाब मिलान तथा सोधभर्ना गरी लेखा नियन्त्रक कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

(४) यस दफा बमोजिम समायोजन हुँदै गएको रकम आर्थिक वर्षको समाप्ति पछि लेखा नियन्त्रक कार्यालयको आदेशमा सञ्चित कोष सञ्चालन गर्ने बैंकले प्रदेश क.१-१ खातामा ट्रान्सफर गरी सञ्चित कोषको वास्तविक अवस्था तयार गर्नुपर्नेछ ।

(५) भुक्तानी आदेश सम्वन्धी अन्य प्रक्रिया लेखा नियन्त्रक कार्यालयको सिफारीसमा मन्त्रालयले स्वीकृत गरेको कार्याविधि बमोजिम हुनेछ ।

**९. वित्तीय हस्तान्तरण :** संविधान तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गर्ने वित्तीय हस्तान्तरण मन्त्रालयले लेखा नियन्त्रक कार्यालय मार्फत गराउनु पर्नेछ ।

**१०. सञ्चित कोष रहने बैंक :** सञ्चित कोष प्रदेशको मुकाम रहेको जिल्लामा रहेको नेपाल राष्ट्र बैंक वा नेपाल राष्ट्र बैंकले तोकेको वाणिज्य बैंकमा रहनेछ ।

**११. सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व :**

(१) सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व लेखा नियन्त्रक कार्यालयको हुनेछ । तर लेखा नियन्त्रक कार्यालयको स्थापना नभएसम्म सञ्चित कोषको सञ्चालन तथा लेखा राख्ने उत्तरदायित्व नेपाल सरकारले तोकेको निकायको हुनेछ ।

(२) सञ्चित कोष व्यवस्थापन गर्न लेखा नियन्त्रक कार्यालयले माग गरे बमोजिम लेखा दाखिला गराउने र प्रतिवेदन गर्ने कर्तव्य कार्यालय र सरकारी कारोवार गर्ने बैंकको हुनेछ ।

**१२. सञ्चित कोषबाट हुने वित्तीय हस्तान्तरणः** सञ्चित कोषबाट स्थानीय तहलाई प्रदान गरिने समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको रकम हस्तान्तरण मन्त्रालयले लेखा नियन्त्रक कार्यालय मार्फत गर्नेछ ।

**१३. विविधः** सञ्चित कोष खाता संचालन सम्बन्धी अन्य व्यवस्था लेखा नियन्त्रक कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गरी जारी गरे बमोजिम हुनेछ ।